लुम्बिनी प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
शिक्षा तथा सामाजिक विकास निर्देशनालय
# सामाजिक विकास डिभिजन कार्यालय
नेपालगंज बाँके

## लोक सेवा आयोग नि:शुल्क तयारी कक्षा संचालन सम्बन्धी सूचना।
**(प्रथम पटक प्रकाशित मितिः २०८०/०९/०१)**

प्रस्तुत विषयमा सामाजिक विकास डिभिजन कार्यालय नेपालगंजको आ.व. २०८०/०८१ को वार्षिक स्वीकृत कार्यकमबाट *बर्दिया जिल्लाको गुलरिया र बारबर्दिया नगरपालिकाभित्र स्थायी बसोवास गरेका* आर्थिक तथा सामाजिक रुपमा विपन्न तथा लोक सेवा पढ्न ईच्छुक नेपाली नागरिकबाट लोक सेवा आयोगद्वारा लिईने नायव सुब्बा ( सहायक पांचौ), खरिदार (सहायक चौथो) र वन रक्षक (श्रेणीविहिन) पदको प्रतियोगितात्मक परिक्षा सम्बन्धी नि:शुल्क तयारी कक्षा मार्फत उनीहरुको क्षमता वृद्धि गरी बढी भन्दा बढी सरकारी सेवामा प्रवेश गराउने उद्देश्य रहेको हुदाँ उक्त कार्यक्रममा सहभागी हुन योग्यता पुगेका इच्छुक व्यक्तिहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र आफूले तयारी गर्न चाहेको विषय क्षेत्र उल्लेख गरि तोकिंएको ढाँचामा तपसिलका आवश्यक कागजात संलग्न गरी निवेदन (दरखास्त) दिनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

- **लोक सेवा आयोग नि:शुल्क तयारी कक्षा संचालन हुने विषय क्षेत्रहरु :-**
  - नायव सुब्बा (सहायक पाँचौं)
  - खरिदार (सहायक चौथो)
  - वन रक्षक (श्रेणीविहिन)

गिरिराज पाण्डे
कार्यालय प्रमुख

- **आवश्यक न्युनतम योग्यता :-**
  - नायव सुब्बा (सहायक पाँचौं) तर्फका लागि कम्तीमा प्रविणता प्रमाणपत्र/+२ वा सो सरह उत्तीर्ण गरेको।
  - खरिदार (सहायक चौथो) तर्फका लागि कम्तीमा एस.एल.सी./एस.ई.ई. वा सो सरह उत्तीर्ण गरेको।
  - वन रक्षक (श्रेणीविहिन) तर्फका लागि कम्तीमा कक्षा ८ उत्तीर्ण गरेको।
- **उमेर:-**
  - पुरुषको हकमा १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको र महिला र अपाङ्गता भएका व्यक्तिको हकमा १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको।
- **दरखास्त फारम पाउने र बुझाउने स्थान :-**
  - **गुलरिया नगरपालिका** क्षेत्रको लागि **महाकवि देवकोटा माध्यमिक विद्यालय** गुलरिया, बर्दियामा सम्पर्क गरि दरखास्त दिन सकिनेछ।
  - **बारबर्दिया नगरपालिका** क्षेत्रको लागि **अंशुबर्मा माध्यमिक विद्यालय जयनगर**, बर्दियामा सम्पर्क गरि दरखास्त दिन सकिनेछ।
  - सामाजिक विकास डिभिजन कार्यालय नेपालगंज, बाँकेमा समेत सम्पर्क गरि दरखास्त दिन सकिनेछ।
- **लोक सेवा आयोग नि:शुल्क तयारी कक्षा संचालन स्थान :-** बर्दिया जिल्लाको गुलरिया नगरपालिकाभित्र।
- **दरखास्त साथ पेश गर्नुपर्ने कागजातहरु :-**
  - न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी।
  - नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी।
  - पासपोर्ट साइजको एक प्रति फोटो।
- **दरखास्त दिने अन्तिम मिति :-** २०८०/०९/१५
- **कक्षा संचालन सम्बन्धी थप जानकारी :-**
  - तयारी कक्षा विहान तथा बेलुकामा संचालन हुनेछ।
  - कक्षा सञ्चालन मिति पछि तोकिने छ।
  - महिला, आदिवासी, जनजाति, दलित, अपाङ्गता भएका र मधेसीलाई विशेष प्राथमिकता दिइनेछ। सो सम्बन्धि प्रमाणित कागजात पेश गर्नु पर्नेछ।
  - सहभागीले खाने बस्ने व्यवस्था आफैले गर्नु पर्नेछ।
  - आवश्यक संख्या भन्दा बढी दरखास्त परेमा आर्थिक तथा सामाजिक रुपमा पछाडी परेका व्यक्तिलाई प्राथमिकता दिई छनौट गरिनेछ।
  - माथि उल्लेखित लोक सेवा आयोग तयारी कक्षा संचालन हुने ३ वटा विषय क्षेत्रहरुमध्ये कुनै १ वटा विषय क्षेत्रमा मात्र दरखास्त दिन पाईनेछ।

***नोट :- थप जानकारीका लागि यस कार्यालयको फोन नं. ९८५८०८०२८१ वा ९८५८०८०२०१ मा सम्पर्क गर्न सकिने छ।***

**कार्यालय प्रयोजनको लागि :-**
**दर्ता नं. :-** **मिति :-**
**स्थान :-**
**दर्ता गर्ने व्यक्तिको नाम, थर :-**
**दस्तखत :-**
**विषय क्षेत्र :-**

**हालसालै खिचिएको पासपोर्ट साईजको फोटो**

मिति : .........................

**श्रीमान् कार्यालय प्रमुख ज्यू,**
**सामाजिक विकास डिभिजन कार्यालय,**
**नेपालगंज, बाँके ।**

**विषय :- तयारी कक्षामा सहभागी हुन पाउँ ।**

महोदय,

प्रस्तुत विषयमा बर्दिया जिल्लाको गुलरिया र बारबर्दिया नगरपालिका वडा नं......... निवासी वर्ष.......... को म ................................................ लाई तहाँ कार्यालयबाट मिति २०८०/ / मा प्रकाशित सूचना बमोजिम बर्दिया जिल्लाको गुलरिया नगरपालिकामा संचालन हुने लोक सेवा आयोगको तयारी कक्षामा सहभागी हुन ईच्छुक भएकोले उक्त तयारी कक्षामा सहभागी गराई दिनु हुन अनुरोध गर्दछु । साथै मेरो विस्तृत विवरण निम्नानुसार रहेको व्यहोरा समेत अनुरोध छ ।

**विस्तृत विवरण :-**

- नाम, थर : ............................................................................................
- स्थायी ठेगाना : ....................................................................................
- हालको वसोवासको ठेगाना : ..........................................................
- जात/जाति : ........................................................................................
- जन्म मिति (नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि संलग्न गर्ने) :..............................
- ***शैक्षिक योग्यता विवरण (शैक्षिक योग्यताका प्रमाणपत्रहरुको प्रतिलिपि संलग्न गर्ने) :-***

| उर्तिण गरेको तह | उर्तिण गरेको वर्ष | प्राप्ताङ्क प्रतिशतमा | अध्ययन गरेको संस्थाको नाम र ठेगाना | अवधि |
|---|---|---|---|---|
| कक्षा ८ पास | | | | |
| एस.एल.सी/एस.ई.ई | | | | |
| (१०+२) प्रविणता प्रमाणपत्र तह | | | | |
| स्नातक तह | | | | |
| स्नातकोत्तर तह | | | | |

- यस अगाडी तयारी कक्षामा सहभागी भए/नभएको : ......................................
- लोक सेवाको कुनै पनि परिक्षामा सहभागी भएको छ/छैन : ......................................
- ***लोक सेवा आयोग तयारी कक्षा संचालन हुने विषय क्षेत्रहरु :-***
  - *तल उल्लेख भएको विषय क्षेत्रमध्ये कुनै एकमा मात्र सहभागी हुन पाउने भएकोले ईच्छा भएको विषय क्षेत्र छनौट गर्ने:-*

| | |
|---|---|
| (क.) नायब सुब्बा (सहायक पाँचौ) | |
| (ख.) खरिदार (सहायक चौथो) | |
| (ग.) वन रक्षक (श्रेणी विहीन) | |

**निवेदक :-**
नाम, थर: ............................................
हस्ताक्षर: ............................................
सम्पर्क नं.: ............................................